# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७३।०२।०५

## प्रेस विज्ञप्ति

**विषय: आरोप पत्र दायर गरिएको।**

----------------------------------------

जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय जगाते, भक्तपुरका ईन्जिनियर सुभनारायण यादवले भक्तपुर चाँगुनारायण नगरपालिका वडा नं.१५ स्थित भन्ज्यांग पहिरो नियन्त्रण उपभोक्ता समितिका लागि स्वीकृत भएको रकम निकासा दिने कार्यका लागि घुस रकम माग गरी रु. ३५,०००/- (अक्षरुपी पैतिस हजार रुपैयाँ) घुस रकम लिईसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३(१) द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएकोले निज ईन्जिनियर सुभनारायण यादव उपर विगो रू. ३५,००० ।- ( अक्षरूपी पैतिस हजार) कायम गरी सोहि ऐनको दफा ३(१) र ३(१) (ख) बमोजिम दण्ड सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(कृष्णहरि पुष्कर)

सहसचिव एवं प्रवक्ता